बैठक संख्याः ११३ औं

मिति २०८३/०२/२९ गते नेपाल संवत् ११४६ अनलागा १२ शुक्रबार दिउँसो २:०० बजे यस शंखरापुर नगर कार्यपालिकाको कार्यालयको बैठक हलमा नगर प्रमुख श्री रमेश नापितज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा सम्पन्न गरियो।

उपस्थितिः

| क्र.सं. | नाम/थर | पद | सम्पर्क नं | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | श्री रमेश नापित | अध्यक्ष/नगर प्रमुख | ९८४१४६०३८० | |
| २. | श्री समिता श्रेष्ठ | उपाध्यक्ष/उप प्रमुख | ९८४१०९११८० | |
| ३. | श्री बेद नारायण दंगाल | सदस्य/वडा अध्यक्ष, १ नं वडा कार्यालय | ९८४३५२५३३२ | |
| ४. | श्री रन बहादुर थिङ | सदस्य/वडा अध्यक्ष, २ नं वडा कार्यालय | ९८५१०८०४६३ | |
| ५. | श्री सुर्य बहादुर तामाङ | सदस्य/वडा अध्यक्ष, ३ नं वडा कार्यालय | ९८५१२७५८७९ | |
| ६. | श्री सुना बहादुर तामाङ | सदस्य/वडा अध्यक्ष, ४ नं वडा कार्यालय | ९८५१०३२२१३ | |
| ७. | श्री शेर गम्भिर थापा | सदस्य/वडा अध्यक्ष, ५ नं वडा कार्यालय | ९८५१०११६४५ | |
| ८. | श्री राधाकृष्ण श्रेष्ठ | सदस्य/वडा अध्यक्ष, ६ नं वडा कार्यालय | ९८४१७८६३४५ | |
| ९. | श्री बिष्णु प्रसाद श्रेष्ठ | सदस्य/वडा अध्यक्ष, ७ नं वडा कार्यालय | ९८४१७३५७२४ | |
| १०. | श्री पोते थिङ | सदस्य/वडा अध्यक्ष, ८ नं वडा कार्यालय | ९८५११५४३०६ | |
| ११. | श्री सहदेव श्रेष्ठ | सदस्य/वडा अध्यक्ष, ९ नं वडा कार्यालय | ९८५१०७४७५० | |
| १२. | श्री मनिषा परियार | कार्यपालिका महिला सदस्य | ९८४८९०९४५४ | |
| १३. | श्री तिउरीमाया वाईबा | कार्यपालिका महिला सदस्य | ९८६०९४७६९६ | |
| १४. | श्री राज्यलक्ष्मी नेमकुल (जोशी) | कार्यपालिका महिला सदस्य | ९८४३१०६०८० | |
| १५. | श्री चन्दा श्रेष्ठ | कार्यपालिका महिला सदस्य | ९८४९५०६६८४ | |
| १६. | श्री उमादेवी कार्की | कार्यपालिका महिला सदस्य | ९८४०१३२५४७ | |
| १७. | श्री रमेश नेपाली | कार्यपालिका दलित सदस्य | ९८६०९९३२३४ | |
| १८. | श्री आनन्द रम्तेल | कार्यपालिका दलित सदस्य | ९८४१५३५०४९ | |
| १९. | श्री संजय रम्तेल | कार्यपालिका दलित सदस्य | ९८४९०४५५०५ | |
| २०. | श्री चुरामणि पन्थी | सचिव/प्रमुख प्रशासकीय अधिकृत | ९८५१२६४१११ | |

# शंखरापुर नगर कार्यपालिकाको ११३ औं (मिति २०८३/०२/२९) बैठकका निर्णयहरु

| | |
|---|---|
| निर्णय नं १: | यस नगरपालिकाको मिति २०८३/०१/११ गते बसेको कार्यपालिकाको ११२ औं बैठकका निर्णयहरु कार्यान्वयन सम्बन्धमा अनुसूची १ बमोजिम समीक्षा गरियो। |
| निर्णय नं २: | यस नगरपालिकाको अनुगमन तथा सहजिकरण समितिको अनुसूची २ बमोजिम आ. व. २०८२/८३ को वैशाख महिनाको प्रतिवेदन अनुसार प्राप्त सुझावहरुको कार्यान्वयन गर्ने र सिफारिस भएका योजनाहरुको भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो । |
| निर्णय नं ३: | यस नगरपालिकाको नगर सभाको बाह्रौं अधिवेशन मिति २०८३ असार ९ गते मंगलबार बिहान ८:०० बजे शंखरपुर नगरपालिकाको वडा नं ६ सलम्बुटार स्थित देवी फरेष्ट रिसोर्टमा अनुसूची ३ बमोजिमको कार्यसूची तथा समय तालिका बमोजिम आयोजना गर्ने निर्णय गरियो। |
| निर्णय नं ४: | यस नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको मिति २०८३/०२/२८ गतेको बैठकको सिफारिस बमोजिम प्रस्तावित नीति, कार्यक्रम तथा बजेट आगामी नगर सभाको बाह्रौं अधिवेशनमा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरियो। |
| निर्णय नं ५: | यस नगरपालिकाको नगर सभाको बाह्रौं अधिवेशनमा पेश हुने आर्थिक विधेयक,२०८३ नगर सभालाई सिफारिस गर्ने निर्णय गरियो। |
| निर्णय नं ६: | यस नगरपालिकाको नगर सभाको बाह्रौं अधिवेशनमा पेश हुने विनियोजन विधेयक,२०८३ नगर सभालाई सिफारिस गर्ने निर्णय गरियो। |
| निर्णय नं ७: | यस नगरपालिकाको नगर सभाको बाह्रौं अधिवेशनमा पेश हुने नगर सभाका विषयगत समितिहरु(विधायन समिति, सुशासन समिति, राजस्व परामर्श समिति, लेखा समिति र न्यायिक समिति) का प्रतिवेदनहरु नगर सभालाई सिफारिस गर्ने निर्णय गरियो। |
| निर्णय नं ८: | यस नगरपालिकाको कार्यपालिका अन्तर्गतका विभिन्न विषयगत (सामाजिक विकास समिति, आर्थिक विकास समिति, पूर्वाधार विकास समिति, संस्थागत तथा सुशासन समिति र वन, वातावरण तथा विपद् व्यवस्थापन समिति) समितिहरुको प्रतिवेदनहरु प्रस्तुत भई छलफल गरियो। |
| निर्णय नं ९: | यस नगरपालिकाको नगर सभाको बाह्रौं अधिवेशनमा पेश हुने निर्णय प्रस्तावहरु नगर सभालाई सिफारिस गर्ने निर्णय गरियो। |
| निर्णय नं १०: | श्री बज्रयोगिनी माईको जात्रा सञ्चालनको लागि नगरस्तरीय जात्रा पर्व सञ्चालन तथा व्यवस्थापन शीर्षकबाट रु ३ लाख र विविध कार्यक्रम खर्च शीर्षकबाट रु २ लाख गरी जम्मा रु ५ लाख भुक्तानी गर्ने निर्णय गरियो। |
| निर्णय नं ११: | शंखरापुर नगरपालिका वड नं. ४ को च.नं. १०८७ मिति २०८३/०१/२४ गतेको सिफारिस बमोजिम वडा नं. ४ निवासी रमेश घ्लान तथा निजको श्रीमती सुकुमाया वाइबाको बच्चाको उपचारका लागि रु ३०,०००/- र यस नगरपालिका कार्यरत हलका सवारी चालक बुद्धि नारायण श्रेष्ठको उपचारका लागि रु ५०,०००/- आर्थिक सहयोग गर्ने निर्णय गरियो। |
| निर्णय नं १२: | प्रसुति बिदा अवधिमा शिक्षण सहजकर्ता व्यवस्थापन निर्देशिका, २०८३ पारित गर्ने निर्णय गरियो। |

................................
प्रमुख प्रशासकीय अधिकृत

................................
नगर प्रमुख

| | |
|---|---|
| <u>निर्णय नं १३:</u> | यस शंखरापुर नगरपालिकाको माध्यमिक तह कक्षा (११-१२) निःशुल्क अध्ययन कार्यक्रम व्यवस्थापन निर्देशिका,२०८३ पारित गर्ने निर्णय गरियो। |
| <u>निर्णय नं १४:</u> | यस नगरपालिकाको मिति २०८२/०८/२८ गतेको कार्यपालिकाको बैठकबाट अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा कार्यक्रमको प्रक्रिया अघि बढाई मिति २०८३ चैत्र मसान्तभित्र पालिका घोषणा गर्ने लक्ष्य अनुरुप सघन रुपमा कार्यक्रम सञ्चालन भई मिति २०८३ असार १ गते भित्र क्रमशः मिति २०८३ जेठ २० गते वडा नं. ८, जेठ २१ गते वडा नं ५, जेठ २२ गते वडा नं ९, जेठ २५ गते वडा नं १ ,जेठ २६ गते वडा नं ४, जेठ २७ गते वडा नं ७, जेठ २८ गते वडा नं २ र जेठ २९ गते वडा नं ३ घोषणा भई सकेको र मिति २०८३ असार १ गते वडा नं ६ घोषणा गर्ने मिति तय भई प्रक्रिया अघि बढेकोले वडा घोषणा तहसम्म सहयोग गर्नुहुने राजनीतिक दल, वडा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, प्रधानाध्यपक, शिक्षक, अभिभावक, विद्यार्थी लगायत सम्पूर्ण महानुभावहरुलाई धन्यवाद दिने र नगरपालिका घोषणा कार्यक्रम मिति २०८३ असार ५ गते वडा नं ७ स्थित भक्तिबेम्बो कटेजमा राजनीतिक दल लगायत सबै शैक्षिक सरोकारवालाहरुको सहभागितामा आयोजना गर्ने निर्णय गरियो। |
| <u>निर्णय नं १५:</u> | स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६४ उपदफा १ को खण्ड च र ऐनको दफा ११ को उपदफा (२)को खण्ड घ मा भएको व्यवस्था बमोजिम यस नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ मा कायम भएको आय ठेक्काको रकममा नघट्ने गरी तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट निर्धारण गरिएको प्रस्तावित वार्षिक परिमाण अनुसार यस शंखरापुर नगरपालिका क्षेत्र भित्र रहेका मनमत्ता र सुकेखोला खोलाको कार्की गाउँको पुल देखि खुलालटार पुलसम्मर निर्माण माइनिङ वासिङ देखि मनमत्ता सम्म मिसिएर खुलालटार पुलसम्म ( प्रस्तावित वार्षिक परिमाण २६,९३,७९७.१८४ घ.फि.) , गडगडे खोलाको लागि बाखीखोला देखि मनोहरा संगमसम्म ( प्रस्तावित वार्षिक परिमाण १०,६९,९१७.९०८ घ.फि.) , शालिनदीको लागि नारायणेश्वर मन्दिरको दहदेखि मनहराको संगमसम्मको दहत्तर र बहत्तर सङ्कलन तथा बिक्री शुल्क( प्रस्तावित वार्षिक परिमाण १३,५०,८३१.२२३ घ.फि.) ठेक्का मार्फत बन्दोबस्त गर्न र यस नगरपालिकामा नियमानुसार दर्ता तथा नवीकरण भएका खानी तथा वासिङ कम्पनीबाट निकासी हुने कच्चा पदार्थको (प्रस्तावित वार्षिक परिमाण २१,३०,२५९.११५ घ.फि.) कुल जम्मा ७२,४४,८०५.४३ घन फिटको बागमती प्रदेशको आर्थिक ऐन,२०८२ बमोजिम मूल्य अभिवृद्धि कर बाहेक बरारबरको न्यूनतम कबोल अङ्क कायम गरी आर्थिक वर्ष २०८३/८४ को आय ठेक्का बन्दोबस्त गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। |
| <u>निर्णय नं १६:</u> | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत तथा अन्य निकायहरुबाट भएका परिपत्रहरु जानकारी गराइयो। साथै यस नगरपालिकाबाट कार्यान्वयन गर्नुपर्ने भनिएको विषयहरु नियमानुसार कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। |
| <u>निर्णय नं १७:</u> | आगामी आर्थिक वर्षका करका दरहरु निर्धारण गर्दा संविधान र स्थानीय सरकार सञ्चालन ऐन बमोजिम निर्धारित करका आधार र क्षेत्र अनुसार कर सङ्कलन गर्ने स्वःघोषण गर्ने निर्णय गरियो। |

............................ ............................

प्रमुख प्रशासकीय अधिकृत नगर प्रमुख

| | |
|---|---|
| निर्णय नं १८: | यस नगरपालिकाको कार्यपालिकाको विषयगत समिति अन्तर्गत वन तथा वातावरण समितिका सदस्य सचिवको जिम्मेवारी इन्जिनियर श्री लुका नापितलाई र विपद् व्यवस्थापन समितिका सदस्य सचिव अधिकृत श्री थमुनारायण भण्डारीलाई तोक्ने गर्ने निर्णय गरियो। |
| निर्णय नं १९: | यस नगरपालिकामा लैससास कार्यान्वयन गर्न तपसिल बमोजिमको लैससास कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो।<br>तपसिलः<br>संयोजक - प्रमुख महिला विकास अधिकृत श्री निर्जला अधिकारी चुडाल<br>सदस्य - कानुन अधिकृत श्री शिव प्रसाद श्रेष्ठ<br>सदस्य सचिव - सहायक महिला विकास अधिकृत श्री प्रमिला जिरेल<br>सदस्य - न्यायिक सहजकर्ता श्री सुभद्रा साखकर्मी<br>सदस्य - नगर प्रहरी जवान श्री उत्तम परियार |
| निर्णय नं २०: | यस नगरपालिकाको व्यवस्थापन परीक्षण प्रतिवेदन,२०८३ आगामी नगर सभामा पेस गर्ने निर्णय गरियो। |

.................................
प्रमुख प्रशासकीय अधिकृत

.................................
नगर प्रमुख

## अनुसूची १

### शंखरापुर नगर कार्यपालिकाको ११२ औं (मिति २०८३/०१/११) बैठकका निर्णयहरुको समीक्षा

| निर्णय नं | निर्णयको संक्षिप्त बेहोरा | कार्यान्वयन अवस्था |
|---|---|---|
| निर्णय नं ४: | आगामी आर्थिक वर्ष २०८३/८४ को नगरस्तरीय तथा वडास्तरीय बजेट सीमा तथा मार्गदर्शन पारित गर्ने | सम्पन्न |
| निर्णय नं ५: | आगामी आर्थिक वर्ष २०८३/८४ को लागि नीति मस्यौदा तयार गर्न एक नीति मस्यौदा समिति गठन गर्ने | सम्पन्न |
| निर्णय नं ६: | यस शंखरापुर नगरपालिकाको सहकारी (दर्ता तथा नियमन) नियमावली, २०८३ पारित गर्ने | सम्पन्न |
| निर्णय नं ७: | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत तथा अन्य निकायहरुबाट भएका परिपत्रहरु जानकारी गराउने र कार्यान्वयन गर्नुपर्ने भनिएको विषयहरु नियमानुसार कार्यान्वयन प्रक्रिया अगाडि बढाउने | कार्यान्वयनको चरणमा |
| निर्णय नं ८: | अध्ययन छात्रवृत्ति कार्यक्रममा यस नगरपालिकाबाट वरिष्ठ शाखा अधिकृत श्री सुभद्रा पुडासैनी (क.सं.नं. २३२०५५) लाई मिति मनोनित गर्ने | सम्पन्न |
| निर्णय नं ९: | अनिवार्य तथा निशुल्क शिक्षा नियमावली, २०७७ को नियम (११) उपनियम (१) बमोजिम संस्थागत विद्यालयहरुले प्रदान गरिने छात्रवृत्ति विशेष व्यवस्था तथा अवसर प्राप्त गर्ने बाबलबलिकाको पहिचान, छनौट तथा वितरणको उचित व्यवस्थापन र सोको अनुगमन गर्न मनोनयन गर्ने | सम्पन्न |
| निर्णय नं १०: | यस शंखरापुर नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका,२०८२ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली अनुगमन समितिमा संयोजक एवं सदस्य मनोनित गर्ने | सम्पन्न |
| निर्णय नं ११: | यस नगरपालिकाको वडा नं ३ स्थित शंखरापुर प्याराग्लाइडिङ टिमको मिति २०८२/११/२७ को निवेदनानुसार कास्की जिल्लामा आयोजना हुने अन्तर्राष्ट्रियस्तरको प्याराग्लाइडिङ एकुरेसी प्रतियोगितामा खेलाडीको सहभागिता हुँदा लाग्ने खर्च बापत रु ५०,०००/- (अक्षरुपी रु पचास हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने | सम्पन्न |
| निर्णय नं १२: | वडा नं २ का वडा सदस्य श्री राकेश गुरुङको मिति २०८२/१२/२५ रातीको समयमा धारापानी स्थित रहेको निजको गोठमा अचानक आगलागी भएर गोठमा राखिएको पराल नल खोस्टा समेत अन्दाजी ६० भारी र माउ बाख्रा १ मृत्यु भएको तथा गोठको काठ जस्तापाता समेत समेत जलेको हुँदा सोको मर्मत गर्न जस्तापाता, फलाम आवश्यक सामग्री खरिद गर्नका लागि रु २५,०००/- (अक्षररुपी रु पच्चीस हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने | सम्पन्न |
| निर्णय नं १३: | यस नगरपालिकाको कार्यपालिकाको विषयगत समिति अन्तर्गत सामाजिक विकास समितिका सदस्य सचिवको जिम्मेवारी उपसचिव (प्रा.) श्री हेमन्त कुमार बुढाथोकीलाई तोक्ने | सम्पन्न |

............................ प्रमुख प्रशासकीय अधिकृत

............................ नगर प्रमुख

| | | |
|---|---|---|
| <u>निर्णय नं १४:</u> | यस नगरपालिकाको ठेक्का नं **SMO/2077/78/07** नगरपालिकाको प्रशासनिक भवन निर्माण आयोजनाको बिमा तथा बैङ्क जमानतका कागजातहरु पुरा गर्न लगाई हाललाई २०८३ असोज ३० गते सम्म म्याद थप गर्ने निर्णय गरियो। | सम्पन्न |

...............................
प्रमुख प्रशासकीय अधिकृत

...............................
नगर प्रमुख

अनुसूची २

शंखरापुर नगरपालिका

साँखु, काठमाडौं

योजना अनुगमन तथा सुपरिवेक्षण समिति

आ.व. २०८२।८३ वैशाख महिनाको प्रतिवेदन

## १. पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ को उपदफा ४ ख, (५) तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को दफा ४.१० (घ) बमोजिम अनुगमन तथा सुपरिवेक्षण समितिले अनुगमन गरी यो प्रतिबेदन तयार गरिएको छ ।

## २. उद्देश्य

यस प्रतिबेदनको उद्देश्य नगरपालिकाबाट आर्थिक वर्ष २०८२।८३ को वैशाख महिनामा भए गरेका विभिन्न योजना तथा कार्यक्रमहरुको अनुगमन गर्दा देखिएको अवस्था र अनुगमन समितिबाट दिएका सुझाव र आगामी दिनमा गर्नु पर्ने विषयको जानकारी कार्यपालिकामा पेश गर्ने रहेको छ ।

## ३. अनुगमनमा सहभागी

योजना तथा कार्यक्रमहरुको अनुमगमनको क्रममा देहाय बमोजिमको सहभागिता रहेको थियो ।

क. नगर प्रमुख

ख. उप प्रमुख

ग. प्रमुख प्रशासकीय अधिकृत

घ. सम्बन्धित वडाका वडा अध्यक्ष वा सदस्य वा वडा सचिव

ङ. योजना अधिकृत

च. लेखा अधिकृत

छ. सम्बन्धित वडा हेर्ने ईन्जिनियर तथा सव ईन्जिनियर/असिस्टेन्ट सव ईन्जिनियर कर्मचारीहरु

ज. सम्बन्धित शाखा प्रमुख/कर्मचारीहरु

## ४. अनुगमन समितिबाट भए गरेका गतिविधिहरु

### क. योजना/कार्यक्रमहरुको सञ्चालन तथा अनुगमनको क्रममा देखिएका विषयहरु

.................................... ....................................

प्रमुख प्रशासकीय अधिकृत नगर प्रमुख

- योजना कार्यान्वयन कार्यतालिका अनुसार ठेक्का तथा उपभोक्ता समितिबाट कार्यान्वयन हुने योजनाहरुको सुचना प्रकाशन तथा सम्झौता गर्ने क्रम शुरु भएको छ ।
- उपभोक्ता समिति तथा ठेक्कामार्फत कार्यान्वयन हुने योजनाहरुको नियमित सुपरिवेक्षण वडा कार्यालयमा कार्यरत प्राविधिक तथा सम्बन्धित ईन्जिनियरहरुबाट हुन आवश्यक देखिन्छ।

ख. <u>योजना अनुगमनका क्रममा देखिएका विषयमा गरिएका सुधारका प्रयासहरु</u>

- Quality र Quantity दुबै कायम गर्नका लागि अनुगमनले सकारात्मक प्रभाव पारेको ।
- आयोजनास्थलमा अनिवार्य रुपमा आयोजना सूचना पाटी राख्न निर्देशन दिईएको ।
- ठेक्का मार्फत काम हुने योजनाहरुको सन्दर्भमा सम्झौता अवधि भित्र काम सम्पन्न गर्ने गरी प्रकृया अगाडि बढाउन स्पष्ट निर्देशन दिईएको ।

ग. <u>अनुगमनबाट प्राप्त पृष्ठपोषणका आधारमा आगामी दिनमा गर्नु पर्ने पक्षहरु</u>

- चालु आर्थिक वर्ष २०८२।८३ मा सञ्चालन हुने योजना/कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागि नगर कार्यपालिका बैठकबाट स्वीकृत कार्यतालिकाको पूर्ण कार्यान्वयन गरी उपभोक्ता समितिबाट सन्चालन हुने योजनाहरु २०८२ पुष महिनाभित्र सम्झौता गरिएका योजनाहरु **२०८३ बैशाख मसान्त भित्र** सम्पन्न हुने गरी काम हुनु पर्ने । यसले गर्दा वर्षादको मौसम शुरु हुनु अघिनै काम सम्पन्न गर्न सकिने र योजनाको दिगोपना कायम गर्न सहज हुने अपेक्षा गरिएको तर उपभोक्ता समितिले सम्झौता गरेका ९८ वटा योजनाहरु अझैसम्म सम्पन्न नभएको हुनाले बर्षाद्को कारणले योजनाको गुणस्तर कायम गर्न कठिनाई हुने देखिन्छ ।
- विभिन्न वडाहरुमा सामुदायिक भवनहरु निर्माणको लागि उपभोक्ता समिति गठन हुने तर सन्चालन तथा व्यवस्थापनको लागि समिति सकृय नहुँदा निर्मित संरचनाको संरक्षण, मर्मत संभार तथा सदुपयोगमा ध्यान कम गएको देखिएकोले आगामी दिनहरुमा योजना सम्झौताको समयमानै उपभोक्ता समितिलाई प्रतिबद्दता गराउने, साथै सामुदायिक भवन निर्माण गर्ने जग्गा प्राप्तीको प्रकृया पुरा गरेर मात्र सम्झौता गर्न उपयुक्त हुने ।
- वडास्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति सकृय हुनु पर्ने ।
- भिरालो सडकहरुमा ग्राभेल गर्ने कामलाई निरुत्साहित गरी बजेटको अवस्था अनुसार ढुंगा सोलिङ वा ढलान गर्न अनिवार्य गर्नु पर्ने ।
- सडक किनारा तथा भिरालो जमिनमा योजना कार्यान्वयनको लागि लागत अनुमान वा कार्यक्रम बनाउँदानै माटो संरक्षणका जैविक उपायहरु (निगालो, अमृसो लगाउने आदी) अनिवार्य अपनाउनु पर्ने ।

..............................
प्रमुख प्रशासकीय अधिकृत

..............................
नगर प्रमुख

- आयोजना सुचना पाटी राख्न अधिकांश उपभोक्ता समितिहरु अझै पनि उदासिन देखिएकोले काम शुरु गर्नु भन्दा अगाडिनै आयोजनास्थलमा सूचना पाटी अनिवार्य राख्ने व्यवस्था गरी पारदर्शिता कायम गर्न प्राविधिक तथा वडा कार्यालयहरुले सकृयता देखाउनु पर्ने ।

## अनुगमन गरिएका र भुक्तानी अनुमोदन गर्नु पर्ने योजनाहरुको विवरण

| क्र.स. | वडा नं. | योजना | रकम (हजारमा) |
|---|---|---|---|
| १ | ३ | शंखरापुर विविध खानेपानी | २००० |
| २ | ८ | सातपाते सामुदायिक भवन | ३००० |
| ३ | ७ | पुखुलाछी देखि साहीटोलसम्म ढुंगा छाप्ने र कुलो | ८०० |
| ४ | ५ | मचागाल खुल्ला जिम पूर्वाधार | ५७५ |
| ५ | ९ | बिन्धवासिनि भजन सामान | १५० |
| ६ | ६ | स्वास्थ्य चौकी मर्मत, कलश पोखरी मर्मत तथा धारा निर्माण | ९९० |
| ७ | ६ | द्यो छें अस्थायी संरचना निर्माण | ५०० |
| ८ | ७ | धुल्ला महादेवस्थान आसुखुसी नाईखोला सडक | ६१९० |
| ९ | ९ | फुटसल सडक | २५०० |
| १० | ९ | सानागाउँ ढुंगा सोलिङ | १९७७ |
| ११ | ९ | ईन्द्रायणी मन्दिर पेटी मर्मत | २५० |
| १२ | २ | देउराली झ्यास खानेपानी | ५०० |
| १३ | ३ | काफलचौर सिंचाई | १६६१ |
| १४ | ५ | बालडाँडा मोटरबाटो | ७०० |

.................................. 
प्रमुख प्रशासकीय अधिकृत

..................................
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| १५ | ५ | चित्रेखोला पहिरो रोकथाम | २०० |
| १६ | ६ | जयवली सितातिर्थघाट सडक | ४५०० |
| १७ | ६ | मानन्धर साँस्कृतिक भवन पर्खाल | २५० |
| १८ | ७ | भिमसेन मन्दिर पुन निर्माण पुखुलाछि | २१०० |
| १९ | ८ | हिमालेश्वर महादेव मन्दिरमा कलात्मक धारा निर्माण | १६५ |
| २० | ८ | वडा कार्यालय पछाडी पानी व्यवस्थापन | ५०० |
| २१ | ८ | काफ्लेडाँडा सामुदायिक भवनमा शौचालय | २५० |
| २२ | ६ | मनोहरा शालिनदी कोरिडोर निर्माण | १०००० |
| २३ | ७ | बज्रयोगिनी माई रथ राख्ने पाटी निर्माण | ४००० |
| २४ | १ | मलसिम खानेपानी | ३०० |
| २५ | २ | चौकीभन्ज्याङ गुरुङगाउ सडक | ५२०० |
| २६ | ३ | खुल्ला जिमका सामान खरिद तथा जडान | १८५६ |
| | | **जम्मा** | ५१११४ |

| प्रतिबेदन तयार कर्ता | प्रतिबेदन पेश कर्ता |
|---|---|
| नामः चुरामणि पन्थी | नामः समिता श्रेष्ठ |
| पदः प्रमुख प्रशासकीय अधिकृत | पदः उप प्रमुख |
| हस्ताक्षर | हस्ताक्षर |
| मितिः २०८३।१।३१ | मितिः २०८३।१।३१ |

..............................
प्रमुख प्रशासकीय अधिकृत

..............................
नगर प्रमुख

<u>अनुसूची ३</u>

## शंखरापुर नगरपालिका

## <u>नगर सभाको बाह्रौं अधिवेशनको कार्यसूची र समय तालिका</u>

बैठक संख्याः १२
अध्यक्षताः नगर प्रमुख, श्री रमेश नापित, शंखरापुर नगरपालिका, काठमाडौं।
मितिः २०८३/०३/९ गते, मङ्गलबार
बैठक स्थानः देवी फरेस्ट रिसोर्ट, शंखरापुर-६, काठमाडौं।

| क्र.सं. | बैठक बस्ने समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| नगर सभा बाह्रौं अधिवेशनको बन्द सत्र | | | | |
| १. | बिहान ९:०० बजे | नगर प्रमुखज्यू सभाहलमा प्रवेश तथा सभाको सभाध्यक्षता ग्रहण | नगर प्रमुख श्री रमेश नापितज्यू | नगर प्रमुखज्यू सभाहलमा प्रवेश गर्दा मंगलधुन बज्ने तथा सभाध्यक्षता ग्रहण पश्चात् राष्ट्रिय गान र शंखरापुर गाथा बज्ने |
| २. | बिहान ९:०५ बजे | कार्यक्रम शुरु भएको घोषणा | नगर प्रमुख श्री रमेश नापितज्यू | |
| ३. | बिहान ९:१० बजे | शहिदहरु प्रति मौनधारण | नगर सभा सदस्यज्यू सबै | |
| | | | | |
| ४. | बिहान ९:१५ बजे | नीति तथा कार्यक्रम प्रस्ताव, २०८३ पेस | नगर प्रमुख श्री रमेश नापितज्यू | |
| ५. | बिहान १०:२५ बजे | नीति तथा कार्यक्रम माथि छलफल | नगर सभा सदस्यज्यू सबै | |
| ६. | बिहान १०:४० बजे | प्रस्ताव निर्णयार्थ पेस | नगर प्रमुख श्री रमेश नापितज्यू | |
| | | | | |
| ७. | बिहान १०:४५ बजे | आर्थिक विधेयक, २०८३ पेस | उपप्रमुख श्री समिता श्रेष्ठज्यू | |

.............................................
प्रमुख प्रशासकीय अधिकृत

.............................................
नगर प्रमुख

११३ औं कार्यपालिका बैठक

२९ जेष्ठ २०८३, ने.सं. ११४६ अनलागा १२, शुक्रबार

| क्र.सं. | बैठक बस्ने समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| ८. | बिहान ११:०० बजे | आर्थिक विधेयक माथि छलफल | नगर सभा सदस्यज्यू सबै | |
| ९. | बिहान ११:१५ बजे | प्रस्ताव निर्णयार्थ पेस | नगर प्रमुख श्री रमेश नापितज्यू | |
| | | | | |
| १०. | बिहान ११:२० बजे | विनियोजन विधेयक, २०८३ र बजेट वक्तव्य पेस | उपप्रमुख श्री समिता श्रेष्ठज्यू | |
| ११. | बिहान ११:३५ बजे | विनियोजन विधेयक र बजेट वक्तव्य माथि छलफल | नगर सभा सदस्यज्यू सबै | |
| १२. | बिहान ११:५० बजे | प्रस्ताव निर्णयार्थ पेस | नगर प्रमुख श्री रमेश नापितज्यू | |
| | | | | |
| १३. | बिहान ११:५५ बजे | विधायन समिति, सुशासन समिति र लेखा समितिका प्रतिवेदनहरु पेस | सम्बन्धित समितिका संयोजकज्यू | श्री रन बहादुर थिङज्यू, श्री सूर्य बहादुर तामाङज्यू, श्री शेर गम्भिर थापाज्यू |
| १४. | दिउँसो १२:१० बजे | विधायन समिति, सुशासन समिति र लेखा समितिको प्रतिवेदनहरु माथि छलफल | नगर सभा सदस्यज्यू सबै | |
| १५. | दिउँसो १२:२५ बजे | प्रस्ताव निर्णयार्थ पेस | नगर प्रमुख श्री रमेश नापितज्यू | |
| | | | | |
| १६. | दिउँसो १२:३० बजे | न्यायिक समिति र राजश्व परामर्श समितिका प्रतिवेदनहरु पेस | सम्बन्धित समितिका संयोजकज्यू | उपप्रमुख श्री समिता श्रेष्ठज्यू |
| १७. | दिउँसो १२:४५ बजे | न्यायिक समिति र र राजश्व परामर्श समितिको प्रतिवेदनहरु माथि छलफल | नगर सभा सदस्यज्यू सबै | |
| १८. | दिउँसो १:०० बजे | प्रस्ताव निर्णयार्थ पेस | नगर प्रमुख श्री रमेश नापितज्यू | |

..............................
प्रमुख प्रशासकीय अधिकृत

..............................
नगर प्रमुख

| क्र.सं. | बैठक बस्ने समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| १९. | दिउँसो १:०५ बजे | सार्वजनिक महत्वका विषय सम्बन्धमा प्रस्ताव पेस | नगर सभा सदस्यज्यू सबै | |
| २०. | दिउँसो १:१० बजे | सार्वजनिक महत्वका विषय सम्बन्धमा प्रस्ताव माथि छलफल | नगर सभा सदस्यज्यू सबै | |
| २१. | दिउँसो १:१५ बजे | प्रस्ताव निर्णयार्थ पेस | नगर प्रमुख श्री रमेश नापितज्यू | |
| | | | | |
| २२. | दिउँसो १:२० बजे | नगर सभाबाट पारित गरिने प्रस्ताव तथा निर्णयहरु पेस | नगर प्रमुख श्री रमेश नापितज्यू | |
| २३. | दिउँसो १:२५ बजे | नगर सभाबाट पारित गरिने प्रस्ताव तथा निर्णयहरु माथि छलफल | नगर सभा सदस्यज्यू सबै | |
| २४. | दिउँसो १:३० बजे | प्रस्ताव निर्णयार्थ पेस | नगर प्रमुख श्री रमेश नापितज्यू | |
| २५. | दिउँसो १:३५ बजे | समापन | नगर प्रमुख श्री रमेश नापितज्यू | |
| | | | | |

..................................
प्रमुख प्रशासकीय अधिकृत

..................................
नगर प्रमुख